कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

Phone : 083-520276
Fax :083-520108
E-mail :redsurkhet@gmail.com
Website : edd..karnali.gov.np

मिति: २०८०।१२।१३

प.स.: २०८०/०८१

च.नं.: २८४

**विषयः SEE परीक्षा २०८० सञ्चालन सम्बन्धमा जारी अपिल।**

२०८० सालको नियमित तथा ग्रेडवृद्धि तर्फको SEE परीक्षा मिति २०८० साल चैत्र १५ देखि २७ गते सम्म (विहान ८.00 बजे देखि ११.00 बजे) सञ्चालन हुन गइरहेको छ । कर्णाली प्रदेश भित्र नियमित समूहमा साधारण तर्फ ३३८४२, प्राविधिक धार तर्फ ११४० गरी जम्मा ३४९८२ र ग्रेडवृद्धि तर्फ जम्मा ८२६ गरी कुल जम्मा ३५८०८ परीक्षार्थी मध्ये छात्र १७६२३ छात्रा १८१८५ गरी कुल जम्मा ३५८०८ परीक्षार्थीहरु परीक्षामा सम्मिलित हुँदै छन् । परीक्षा सञ्चालनका लागि यस प्रदेश भित्रका १० वटै जिल्लामा १८६ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

परीक्षालाई मर्यादित, भयरहित, अनुशासित तथा शान्तिपूर्ण वातावरणमा संचालन गर्नका लागि सबै जिल्लाका जिल्ला परीक्षा समन्वय समिति बाट १८६ वटै परीक्षा केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भइ जिल्लास्तरमा अभिमूखीकरण गरी परीक्षा सम्बन्धि सम्पूर्ण तयारी पूरा भै सकेको छ । परीक्षा सञ्चालनका लागि प्रदेश भरी केन्द्राध्यक्ष १८६, सहायक केन्द्राध्यक्ष २३९, निरीक्षक १७९२, परीक्षा सहायक ३५८, कार्यालय सहयोगी ७१७ सहित ६०८२ जना प्रशासनिक जनशक्ति परिचालन भएका छन् । जिल्लामा परीक्षा शान्तिपूर्ण, मर्यादित भयरहित, अनुशासित तथा स्वच्छ वातावरणमा सञ्चालन गर्नका लागि जिल्ला परीक्षा समन्वय समिति मार्फत सुरक्षा व्यवस्था लगायत अन्य आवश्यक व्यवस्था मिलाइएको छ, साथै मोवाइलफोन, स्मार्ट वाच लगायतका प्रविधिहरुलाई परीक्षा हल भित्र लिन/लैजान निषेध भएकाले सम्पूर्ण केन्द्राध्यक्षज्यूहरुलाई सो अनुरुपको व्यवस्था गर्न गराउनका लागि अनुरोध छ ।

यस वर्ष SEE परीक्षामा सम्मिलित हुने सम्पूर्ण परीक्षार्थी भाइ, बहिनीहरुलाई विना कुनै डर, त्रास, उच्च आत्मबलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथै परीक्षाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सबै परीक्षार्थीहरुलाई शान्तिपूर्ण, भयरहित र मर्यादित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, संचारकर्मी, शिक्षकका पेशागत संघ, संगठन, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी, नागरिक समाज लगाएत सम्पूर्ण सरोकारवालाहरुलाई प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति कर्णाली प्रदेश हार्दिक अपिल गर्दछौं ।

दीपा हमाल
नि. निर्देशक
(सचिव, प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति)